**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. १७६**

**पुनरावेदन नं. ०७६-RB-०१६८**

**मुद्दाः– भन्सार मुल्यांकन (M10554)।**

| | |
|---|---|
| जिल्ला पर्सा वीरगन्ज, आर्दशनगर स्थित जे.जे. इन्टरप्राइजेज प्रा.लि.को प्रोपाइटर जय प्रकाश अग्रवाल........................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| सुख्खा वन्दरगाह भन्सार कार्यालय, पर्सा...................................................१<br>श्री मुल्यांकन पुरावलोकन समिति त्रिपुरेश्वर काठमाण्डौ..................................१ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- सुख्खा वन्दरगाह भन्सार कार्यालय, पर्सा

शुरु निर्णय गर्ने अधिकृतः- प्रमुख भन्सार अधिकृत देवी प्रसाद भण्डारी

शुरु कार्यालयको निर्णय मितिः– २०७३/०३/२२

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकन निर्णय गर्ने कार्यालयः-मुल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर काठमाण्डौ

निर्णय गर्ने पदाधिकारीहरुः- अध्यक्ष श्री निर्मलहरि अधिकारी

सदस्य श्री शिव प्रसाद भण्डारी

सदस्य श्री तर्कराज भट्ट

निर्णय मितिः– २०७६/०६/०५

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री विकास अग्रवाल

प्रत्यर्थीका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री विकास वन्जारा

**अवलम्वित नजीरः ×**

प्रस्तुत मुद्दामा सुख्खा वन्दरगाह भन्सार कार्यालय, पर्साको मिति २०७३/०३/२२ को निर्णय र मुल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर काठमाण्डौको मिति २०७६/०६/०५ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. पैठारीकर्ता जे.जे. इन्टरप्राइजेज प्रा.लि.ले ZHENGZHOU SINO CHEMICAL CO.LTD, CHINA को तारिख 26.05.2016 को बीजक संख्या SINO16Y-0509 अनुसार पैठारी गर्न ल्याएको Monosodium Glutamate, को भन्सार मूल्य निर्धारण गर्नका लागि सुख्खा वन्दरगाह भन्सार कार्यालय पर्सामा आवश्यक कागजातहरु संलग्न गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम कारोबार मूल्य घोषणा गरी मिति २०७३।०३।२२ मा निवेदन पेश गरेको।

२. प्रस्तुत पैठारीकर्तालि बिजकमा उल्लेख गरेको मालबस्तुको मूल्य Asycuda Database, अन्य सूचना प्रणाली तथा लोकल मूल्यबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएकोले निजले घोषणा गरेको मूल्य वास्तबिक मूल्य हो भन्ने अवस्था नभएकोले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (६) बामोजिम निजले घोषणा गरेको मूल्य नै वास्तबिक मूल्य हो भनी प्रमाणित गर्ने थप प्रमाण तथा कागजात पेश गर्न पैठारीकर्तालाई च.नं. ५२१८ मिति २०७३।०३।२२ मा पत्राचार गरिएकोमा पैठारीकर्ताबाट तथ्यपरक प्रमाण पेश गरेको नदेखिएकोले घोषित मूल्य वास्तबिक मूल्य हो भन्न सकिने अवस्था देखिएन। घोषित मूल्यको सत्यता पुष्टि हुन नसकेकोमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (४) वमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएको, उपदफा (८) वा (९) बमोजिम मुल्य निर्धारण गर्नको लागि समरुप वा मिल्दोजुल्दो मालवस्तुको भन्सार मुल्य उपलब्ध नभएको, उपदफा (१०) बमोजिम तत्काल मुल्य कायम गर्न सम्भव नभएको, उपदफा (११) बमोजिम मुल्य कायम गर्न आवश्यक सूचना उपलब्ध हुन सक्ने अवस्था नभएकोले उपदफा (१२) बमोजिम मुल्य निर्धारण गर्नुपर्ने देखियो। विजकमा उल्लेख भई आएको मालवस्तुको भौतिक परीक्षण र ASYCUDA DATA मा यसभन्दा अघि प्रति किलोग्राम USD 1260 कायम भएकोले उक्त

मालबस्तुको प्रति इकाई मूल्य  CIF Kolkatta USD 1260/pmt कायम गरी पैठारीकर्ताले घोषणा गरेको अन्य पैठारी खर्च भाडा रु.८५,०००।- र कोलकत्ता क्लियरेन्स खर्च रु.१५,०००।- समेत समायोजन गरी  भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम कारोबार मूल्य कायम गरेको भन्ने सुख्खा वन्दरगाह भन्सार कार्यालयबाट मिति २०७३।०३।२२ को निर्णय।

३. सुख्खा वन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट भएको निर्णयमा चित्त नबुझेकोले सो निर्णय पुनरावलोकन गरी पाउँ भनी पैठारीकर्ताले मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७३।०४।०५ मा दिएको निवेदन।

४. यसमा पैठारीकर्ताको तर्फबाट पेश हुन आएका थप प्रमाण र जिकिर वस्तुनिष्ठ नभएको र भन्सार कार्यालयले मालवस्तुको भौतिक निरीक्षण गरी मालवस्तुको गुणस्तर समेतका आधारमा न्युन मुल्यमा पैठारी हुन आएका मालवस्तुहरुको मात्र मुल्य बृद्धि गरी जे.जे. इन्टरप्राइजेज प्रा.लि. ले पैठारी गरी ल्याएको Monosodium Glutamate को कारोबार मूल्य USD 1260/pmt कायम गर्ने गरी सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट मिति २०७३।०३।२२ मा कारोवार मुल्य निर्धारण गरेको निर्णय भन्सार ऐन,२०६४ को दफा १३(१२) बमोजिम कानूनसम्मत नै देखिँदा सदर हुने ठहर्छ भनी मूल्याङ्कन पुनरावलोकन समिति काठमाडौंबाट मिति २०७६।०६।०५ मा भएको निर्णय।

५. पुनरावेदकबाट इन्भ्वाइस अनुसार घोषित कारोवार मुल्य प्रमाणित र पुष्टी गर्ने कागजात हुँदा हुदै घोषित मुल्य घटी देखाएको भनी भन्सार महसुल, थप भन्सार महसुल, मुल्य अभिबृद्धि कर समेत भनी थप रकम रु.१,६१,९८६।- रकम दाखिला गराउन लगाएको निर्णय त्रुटीपूर्ण रहेको हुँदा विपक्षी सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट मिति २०७३।०३।२२ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट भएको मिति २०७६।०६।०५ को निर्णय समेत बदर गरी बिजकमा उल्लिखित कारोवार मुल्यलाई कायम गरी विपक्षीले लिएको बढी राजस्व भन्सार महसुल रु.१,६१,९८६।- समेत फिर्ता दिलाई भराई पाउँ भन्ने समेत बेहोराको पुनरावेदक जे.जे. इन्टरप्राइजेज प्रा.लि.का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।११।१४ गते  पेश भएको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बामोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई

लगाउको मुद्दा नं. ०७६-RB-०१६७ को मुद्दा समेत साथै राखी नियमानुसार गर्नु भन्ने यस न्यायाधीकरणबाट २०७९।०८।०९ मा भएको आदेश।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक जे.जे. इन्टरप्राइजेज प्रा.लि.को तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री विकास अग्रवालले पुनरावेदक पैठारीकर्ताबाट घोषित कारोवार मुल्य अनुसार भन्सार महसुल कायम गर्नुपर्नेमा घोषित मुल्य घटी देखाएको भनी थप भन्सार महसुल, मुल्य अभिबृद्धि कर समेत गरी रु.१,६१,९८६।- रकम थप दाखिला गर्न गराउन लगाएको सुक्खा बन्दरगाह भन्सार कार्यालयको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय समेत त्रुटीपुर्ण हुँदा बदर गरी बिजक अनुसार नै कारोवार मुल्यलाई कायम गरी बढी भन्सार महसुल फिर्ता दिलाई भराई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

८. विपक्षी कार्यालयहरुको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान सहायक न्यायाधिवक्ता श्री विकास वन्जाराले सुरु भन्सार कार्यालयबाट माग भएका विलविजक एवं प्रज्ञापनपत्र समेतका कागजात अध्ययन गरी Asycuda Database समेतका आधारमा मालवस्तुको भन्सार महसुल कायम गरेको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी मुल्याङ्कन पुनरावलोकन समितिबाट भएको निर्णय समेत कानुनसम्मत नै रहेको हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

९. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको कारोवार मूल्यलाई मान्यता नदिई थप मूल्य कायम गर्ने गरी भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग वमोजिम सुख्खा वन्दरगाह भन्सार कार्यालय पर्साको निर्णय र सोही निर्णय सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वरबाट भएको निर्णय बदर हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. अव पैठारीकर्ताको पुनरावेदन जिकीरतर्फ दृष्टिगत गर्दा पैठारीकर्ता जे.जे. इन्टरप्राइजेज प्रा.लि.ले विजक बमोजिम कारोबार मूल्य घोषणा नगरी बढी भन्सार महसुल लिएको रकम फिर्ता पाउँ भनी दावी लिएको देखिन्छ। पैठारीकर्ता जे.जे. इन्टरप्राइजेज प्रा.लि.ले खरिद गरी ल्याएको Monosodium Glutamate को भन्सार मूल्य निर्धारणका लागि सुख्खा वन्दरगाह भन्सार कार्यालयमा, भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम प्रति मे.टन.१०४० अमेरिकी डलर कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेको

देखिन्छ। बिजकमा उल्लिखित मालवस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम हुने गरी घोषणा गरेकोले पैठारीकर्ताले घोषणा गरेको मूल्य वास्तविक नभएको भनी सो मालवस्तुको प्रति इकाई मूल्य १२६० अमेरिकी डलर प्रति मे.टन कायम गरी मालवस्तुको जाँचपास हुने भनी सुख्खा वन्दरगाह भन्सार कार्यालय पर्साबाट मिति २०७३।०३।२२ मा निर्णय भएको देखिन्छ। निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेतको अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले सुख्खा वन्दरगाह भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३(१२) वमोजिम कायम गरेको मूल्य USD १२६० प्रति मेट्रिक टन कानून सम्मत नै रहेको भनी सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समितिबाट मिति २०७६।०६।०५ मा निर्णय भएको देखिन्छ। पुनरावेदक कम्पनीले पैठारी गरेको Commercial Invoice को मूल्य वास्तविक भएको र बिजक मूल्य पनि यथार्थ भएको अवस्थामा कम्पनीले पेश गरेको Invoice तथा कागजातहरु सही भएको देख्दा देख्दै कम्पनीले घोषणा गरेको भन्सार मूल्यलाई मान्यता नदिने गरी प्रत्यर्थी सुख्खा वन्दरगाह भन्सार कार्यालयबाट भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी मुल्याङ्कन पुनरावलोकन समितिबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै पैठारीकर्ताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

११. पैठारीकर्ताले पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्ट हुन नसकेमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफाहरु (८),(९),(१०),(११) र (१२) क्रमशः अबलम्वन गरी मुल्य निर्धारण सिलसिलेवार रुपमा गर्नुपर्ने कानुनी व्यबस्था रहेको देखिन्छ। शुरु सुख्खा वन्दरगाह भन्सार कार्यालयले सोही ऐनको दफा १३ को उपदफा (१२) बमोजिम पैठारीकर्ताले आयात गरेको मालबस्तु Monosodium Glutamate को प्रति इकाई मुल्य CRF 1260.00 कायम गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम भन्सार मुल्य निर्धारण गरेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) मा "उपदफा (११) बमोजिम भन्सार मुल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले उपदफा (२), (८), (९), (१०) र (११) विपरित नहुने गरी मनासिव आधारमा त्यस्तो मालवस्तुको भन्सार मुल्य निर्धारण गर्नेछ।" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ।

१२. पुनरावेदक पैठारीकर्ता जे.जे. इन्टरप्राइजेज प्रा.लि.ले China स्थित निर्यातकर्ता ZHENGZHOU SINO CHEMICAL CO.LTD को बीजक नं. SINO16Y-0509 तारेख 26.05.2016 को बीजक नं. SINO16Y-0509 को विजकबाट पैठारी गरी ल्याएको

मालवस्तु मुल्य निर्धारणको लागि आवश्यक कागजात सहित मिति २०७५।०१।०२ मा सुख्खा वन्दरगाह भन्सार कार्यालयमा पेश गरेकोमा सुख्खा वन्दरगाह भन्सार कार्यालयले वीजकमा उल्लेख गरिएको मालवस्तुको अन्य पैठारीकर्ता र Asycuda Database भन्दा कम देखिएको भनी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम प्रति इकाई CIF Kolkatta USD 1260/pmt को दरले मुल्य कायम गर्ने गरी मिति २०७३।०३।२२ मा निर्णय गरेको देखियो। साथै निर्णयमा पैठारीकर्ताले पेश गरेको प्रमाणबाट घोषित मुल्यको सत्यता पुष्टी हुन नसकेकोमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (४) बमोजिम भन्सार मुल्य निर्धारण गर्न नसकिएको, उपदफा (८) वा (९) बमोजिम मुल्य निर्धारण गर्नको लागि समरुप वा मिल्दोजुल्दो मालवस्तुको भन्सार मुल्य उपलब्ध नभएको, उपदफा (१०) बमोजिम तत्काल मुल्य कायम गर्न सम्भव नभएको, उपदफा (११) बमोजिम मुल्य कायम गर्न आवश्यक सूचना उपलब्ध हुन सक्ने अवस्था नभएकोले उपदफा (१२) बमोजिम मुल्य निर्धारण गर्नुपर्ने देखियो भन्ने स्पष्ट आधार र कारण खुलाएको पाइन्छ। उक्त निर्णय उपर पैठारीकर्ताले भन्सार ऐन,२०६४ को दफा ६१ बमोजिम मुल्यांकन पुनरावलोकन समितिमा मुल्य पुनरावलोकनको लागि निवेदन दिएकोमा मुल्यांकन पुनरावलोकन समितिबाट समेत शुरु कार्यालयको प्रतिक्रिया र पैठारीकर्ताको जवाफ समेत लिई पैठारीकर्ताले चीनको कम्पनीसंग भएको सम्झौता बमोजिम मालवस्तु खरिद गरेको भने पनि उक्त सम्झौताको प्रतिलिपी पेश नगरेको र पैठारीकर्ताले पेश गरेको We Chat मा आदानप्रदान भएको व्यहोरालाई विश्वसनीय मान्न सकिएन भनी भन्सार ऐन,२०६४ को दफा १३ को (१२) बमोजिम मुल्य निर्धारण गरेको शुरु निर्णय मनासिव देखिएको भनी सदर गरेको पाइयो। यसरी कानूनी आधार र प्रमाणको विवेचना गरी मनासिव आधारमा मुल्य निर्धारण गरेको शुरु सुख्खा वन्दरगाह भन्सार कार्यालयको निर्णय र सोही निर्णय सदर गर्ने गरी मुल्याङ्कन पुनरावलोकन समितिबाट भएको निर्णयलाई समेत अन्यथा भन्न मिल्ने देखिएन।

१३. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पैठारीकर्ता जे.जे. इन्टरप्राइजेज प्रा.लि. (स्थायी लेखा न. ३०२६३७४५०) ले बीजक न. SINO16Y-0509 dt 2016.05.26 को प्र.द.नं. M10554 ता. 06-07-2016 बाट पैठारी गर्न ल्याएको Monosodium Glutamate को सुख्खा वन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतले भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम भन्सार मुल्य निर्धारण गरेको मिति २०७३।०३।२२ को निर्णय र सोही निर्णय सदर गर्ने गरी मुल्यांकन पुनरावलोकन समितिबाट मिति २०७६।०६।०५ को निर्णय समेत मिलेकै

देखिँदा सदर हुने ठहर्छ। पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल सुख्खा वन्दरगाह भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई

इतिसम्बत २०७९ साल फागुन ४ गते रोज ५ शुभम.............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप